# काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

www.kankrebihar.com

राष्ट्रिय दैनिक






वर्ष : २५ | अंक : ३०९ | बिहीवार, ४ भदौ, २०८३ | Thursday, 20 Aug 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रू. १०


# भेरी पम्पिङ आयोजनाको दोस्रो प्याकेजको ठेक्का रद्द, आयोजना अझै लम्बियो

चाँदनी कठायत
सुर्खेत, ३ भदौ

सुर्खेतको वहुचर्चित आयोजना भेरी पम्पिङ खानेपानी आयोजना अन्तर्गतको प्याकेज-२ को बोलपत्र प्रक्रिया रद्द भएको छ। प्राविधिक मूल्याङ्कन पूरा भएर आर्थिक प्रस्ताव खोल्ने चरणमा पुगेको उक्त प्रक्रिया नेपाल सरकारको विद्युतीय सरकारी खरिद प्रणालीको विश्वसनीयतासम्बन्धी प्रश्न उठेपछि विश्व बैंकको निर्देशनमा रद्द भएको हो। प्याकेज-२ को प्राविधिक मूल्याङ्कन पूरा गर्न मात्रै करिब २०-२१ महिना लागेको थियो। सातवटा बोलपत्र परेकोमा प्राविधिक मूल्याङ्कनबाट दुईवटा बोलपत्र मात्रै अघि बढेका थिए। विश्व बैंकबाट प्राविधिक मूल्याङ्कनमा सहमति प्राप्त भएपछि आर्थिक प्रस्ताव खोल्ने तयारीसमेत भइसकेको अवस्थामा पुरानो प्रक्रिया रद्द भएको हो।

अब प्याकेज-२ का लागि नयाँ बोलपत्र आह्वान गर्नुपर्ने भएको छ। नयाँ प्रक्रियामा यसअघि सहभागी भएका बोलपत्रदाता र नयाँ बोलपत्रदाता दुवैले प्रतिस्पर्धा गर्न पाउनेछन्। नयाँ प्रक्रिया कागजी माध्यमबाट अघि बढाइनेछ। भेरी लिफ्टिङ खानेपानी आयोजना कार्यान्वयन इकाइका सदस्यसचिव तथा आयोजना प्रमुख रविन्द्र रायले पुरानो बोलपत्र प्रक्रिया रद्द भएको र अब नयाँ प्रक्रिया सुरु हुने बताए। उनका अनुसार नयाँ प्रक्रिया पूरा गर्न कम्तीमा पाँचदेखि छ महिना लाग्नेछ। 'भेरी पम्पिङको बोलपत्र रद्द भएको हो। अब फेरि प्रक्रिया सुरु हुन्छ,' रायले भने, 'विश्व बैंकको पत्रका आधारमा पुरानो प्रक्रिया रद्द गरेर पुनः बोलपत्र गर्नुपर्ने अवस्था आएको हो। नयाँ प्रक्रिया कागजी माध्यमबाट अगाडि बढाइनेछ।'





रायका अनुसार नेपाल सरकारको विद्युतीय सरकारी खरिद प्रणालीका विषयमा विभिन्न प्रश्न उठिरहेका थिए। त्यसपछि विश्व बैंकले पनि उक्त प्रणालीको विश्वसनीयताका विषयमा चासो राख्दै आएको थियो। 'तीन-चार महिनादेखि नै नेपाल सरकारको विद्युतीय सरकारी खरिद प्रणालीका विषयमा विभिन्न कुरा उठिरहेका थिए,' रायले भने, 'त्यसपछि विश्व बैंकले पनि यो प्रणाली भरपर्दो र विश्वसनीय छ कि छैन भन्ने विषयमा चासो राख्दै आएको थियो।' विश्व बैंकले अर्थ मन्त्रालयसँग छलफल गरेर पुरानो विद्युतीय प्रणालीबाट खरिद प्रक्रिया अघि नबढाउन र कागजी माध्यमबाट नयाँ प्रक्रिया सुरु गर्न भनेको रायले बताए। 'विश्व बैंकले अर्थ मन्त्रालयसँग छलफल गरेर पत्र पठाएको हो,' रायले भने, 'पुरानो ईजिपी प्रणालीबाट प्रक्रिया अगाडि नबढाई कागजी माध्यमबाट प्रक्रिया अगाडि बढाउनुपर्ने भनिएको छ। पुरानो प्रक्रिया रद्द गरेर पुनः बोलपत्र गर्नुपर्ने अवस्था त्यसैका कारण आएको हो।'

प्रक्रिया रद्द हुँदा आर्थिक तथा भौतिक क्षति भने नभएको रायको भनाइ छ। तर खरिद प्रक्रिया फेरि सुरुदेखि अघि बढाउनुपर्ने भएकाले आयोजनाको समयतालिका प्रभावित हुने उनले बताए। 'आर्थिक तथा भौतिक क्षति भएको छैन,' उनले भने, 'तर नयाँ बोलपत्र प्रक्रिया फेरि सुरु गर्नुपर्ने भएकाले कम्तीमा पाँचदेखि छ महिना समय लाग्छ।' दोस्रो प्याकेजका लागि परेको सातवटा बोलपत्रमध्ये दुईवटा प्राविधिक मूल्याङ्कनबाट अघि बढेका थिए। एउटा बोलपत्रदाताले ७७ दशमलव ६ र अर्कोले ७३ दशमलव २ कुल प्राविधिक अंक प्राप्त गरेका थिए। बाँकी पाँचवटा बोलपत्र प्राविधिक मूल्याङ्कनबाट अस्वीकृत भएका थिए।

प्राविधिक मूल्याङ्कन प्रतिवेदन विश्व बैंकमा पठाइएको थियो। विश्व बैंकबाट १० जुलाई २०२६ मा प्राविधिक मूल्याङ्कनमा सहमति प्राप्त भएपछि वीरेन्द्रनगर नगरपालिका आयोजना कार्यान्वयन समितिको बैठकले संशोधित प्राविधिक मूल्याङ्कन प्रतिवेदन स्वीकृत गरेको थियो। त्यसपछि प्राविधिक रूपमा प्रभावग्राही ठहरिएका बोलपत्रदाताको आर्थिक प्रस्ताव खोल्ने प्रक्रिया अघि बढाउने तयारी भएको थियो।

तर त्यसपछि विश्व बैंकले चालु खरिद प्रक्रिया रद्द गरी संशोधित व्यवस्थासहित नयाँ बोलपत्र आह्वान गर्न सिफारिस गरेपछि प्रक्रिया रोकिएको हो।

## 'रद्द गर्नुअघि अन्य विकल्प खोजिनुपर्थ्यो': अध्यक्ष देवकोटा

सुर्खेत उपत्यका खानेपानी उपभोक्ता संस्थाका अध्यक्ष कुलमणी देवकोटाले भने आर्थिक प्रस्ताव खोल्ने चरणमा पुगेको प्रक्रिया रद्द गर्नुअघि कानुनी तथा अन्य विकल्पबारे थप छलफल हुनुपर्ने धारणा राखेका छन्। 'दोस्रो प्याकेजको प्राविधिक मूल्याङ्कन भइसकेको थियो र आर्थिक प्रस्ताव खोल्न मात्रै बाँकी थियो,' देवकोटाले भने, 'त्यो अवस्थासम्म पुग्न लामो समय लागिसकेको थियो। समग्र आयोजना अगाडि बढ्दै गएको र अब कामले गति लिन्छ भन्ने आशा बनिरहेको अवस्थामा फेरि खरिद प्रक्रिया रोकिएको अवस्था आयो।' साउन ३० गतेको बैठकमा आफूलाई उपभोक्ता संस्थाको प्रतिनिधिका रूपमा बोलाइएको र त्यहाँ विश्व बैंकले चालु प्रक्रिया रद्द गर्न भनेको पत्रबारे जानकारी गराइएको उनले बताए। 'मलाई साउन ३० गतेको बैठकमा उपभोक्ता संस्थाको प्रतिनिधिका रुपमा बोलाइएको थियो,' देवकोटाले भने, 'आर्थिक प्रस्ताव खोल्ने विषयमा बैठक होला भन्ने लागेको थियो। तर बैठकमा पुगेपछि विश्व बैंकले चालु खरिद प्रक्रिया रद्द गर्न भनेर पत्र पठाएको कुरा जानकारी गराइयो र पत्र पढेर सुनाइयो।' पत्रबारे जानकारी पाएपछि आफूले तत्काल प्रक्रिया रद्द गर्नुभन्दा पहिले आयोजना कार्यालयले विश्व बैंक तथा सम्बन्धित पक्षसँग यसअघि गरेका छलफल, कानुनी अवस्था र अन्य विकल्पबारे जानकारी लिनुपर्ने धारणा राखेको उनले बताए। 'पत्र आएपछि सीधै प्रक्रिया रद्द गर्नेभन्दा पहिले कुराकानी गर्नुपर्छ, विषय बुझ्नुपर्छ भन्ने मेरो कुरा थियो,' देवकोटाले भने, 'आयोजना कार्यालयले यसअघि विश्व बैंकसँग के-के छलफल गरेको थियो, सम्बन्धित पक्षसँग कस्ता बैठक भएका थिए, ती सबै कुरा स्पष्ट हुनुपर्छ। कानुनी रुपमा के गर्न मिल्छ र अरु विकल्प छन् कि छैनन् भनेर पनि हेर्नुपर्छ।' बैठकपछि उपभोक्ता संस्थाको बोर्ड बैठक बसेर चालु प्रक्रिया रद्द नगर्न अनुरोध गर्ने निर्णय गरिएको उनले बताए। 'बैठकबाट फर्किएपछि भोलिपल्ट उपभोक्ता संस्थाको बोर्ड बैठक बोलाएर सबै कुरा जानकारी गराएँ,' देवकोटाले भने, 'विश्व बैंकबाट आएको पत्र र चालु खरिद प्रक्रिया रद्द गर्ने विषयमा छलफल भएपछि सीधै रद्द गर्नेभन्दा अन्य कानुनी विकल्प खोजिनुपर्छ भन्ने निष्कर्षमा पुग्यौँ।'

'सम्पूर्ण आयोजनालाई ध्यानमा राखेर निर्णय गर्नुपर्छ,' देवकोटाले भने, 'विश्व बैंकले पत्र पठाएको विषयको कानुनी पक्ष पनि हेर्नुपर्छ र आयोजना कार्यालयले यसअघि गरेका छलफल पनि बुझ्नुपर्छ। त्यसैले चालु खरिद प्रक्रिया रद्द गर्ने निर्णय पुनर्विचार गर्न अनुरोध गर्ने निर्णय गरेर सम्बन्धित निकायमा लिखित रूपमा पठाएका छौँ।'

देवकोटाले पुनः बाँकी पृष्ठ ३

## मुख्यमन्त्रीले पाए विश्वासको मत

# कर्णाली सरकारमा तीन सातापछि सत्ता बाँडफाँट टुंगियो, एमालेका तीन मन्त्रीले लिए शपथ

काँक्रेविहार संवाददाता
सुर्खेत, ३ भदौ

कर्णाली प्रदेश सरकारमा सत्तारूढ नेपाली कम्युनिस्ट पार्टी (नेकपा) र नेकपा एमालेबीच मन्त्रालय भागबन्डामा सहमति जुटेसँगै मन्त्रिपरिषद्ले पूर्णता पाउने बाटो खुलेको छ। बुधबार मुख्यमन्त्री मंगलबहादुर शाहीले प्रदेशसभाबाट विश्वासको मत पाएसँगै एमालेका तीन मन्त्रीले पद तथा गोपनीयताको शपथ लिएका छन्।

एमालेको समर्थनमा १२ साउनमा मुख्यमन्त्री नियुक्त भएका शाहीले बुधबार प्रदेशसभाबाट विश्वासको मत प्राप्त गरेका हुन्। ४० सदस्यीय प्रदेशसभामा सभामुखबाहेक ३६ सांसद मतदानमा सहभागी भएका थिए। मुख्यमन्त्री शाहीको पक्षमा २१ र विपक्षमा १३ मत परेको थियो भने दुई सांसद तटस्थ बसे। तीन सांसद बैठकमा उपस्थित भएनन्।

शाहीले आफ्नै दल नेकपाका १४ मध्ये १३ र एमालेका १० मध्ये आठ सांसदको समर्थन पाएका हुन्। सरकार गठनका लागि २१ सांसद आवश्यक पर्ने भएकाले शाहीले बहुमतसहित विश्वासको मत प्राप्त गरेका हुन्।




तटस्थ बस्नेमा पूर्वमुख्यमन्त्री राजकुमार शर्मा र राष्ट्रिय प्रजातन्त्र पार्टीकी सांसद सन्तोषी शाही रहेका छन्।

यसअघि नेपाली कांग्रेस र नेकपाबीच रहेको दुई वर्षदेखिको सत्ता सहकार्य टुटेपछि कर्णालीमा नयाँ राजनीतिक समीकरण बनेको थियो। कांग्रेससँगको आलोपालो सहमति कार्यान्वयन नभएको भन्दै कांग्रेसका चार मन्त्रीले ३१ असारमा राजीनामा दिएपछि प्रदेश सरकार परिवर्तनको प्रक्रिया अघि बढेको थियो त्यसको भोलिपल्ट नेकपा र कांग्रेस मिलेर तत्कालीन मुख्यमन्त्री यामलाल कँडेलविरुद्ध अविश्वास प्रस्ताव दर्ता गरेका थिए।

तर ९ साउनमा नेकपा र एमालेबीच प्रदेश सरकारमा सहकार्य गर्ने सहमति भएपछि कँडेलले मुख्यमन्त्री पदबाट राजीनामा दिएका थिए।

त्यसपछि शाही कर्णालीको पाँचौँ मुख्यमन्त्री बनेका हुन्।

तीन सातापछि मन्त्रालय भागबन्डामा सहमति

मुख्यमन्त्री नियुक्त भएको तीन सातासम्म मन्त्रालय भागबन्डा टुंगिन नसक्दा शाहीले एक्लै सरकार सञ्चालन गर्दै आएका थिए। बुधबार मुख्यमन्त्री शाही र एमाले संसदीय दलका नेता यामलाल कँडेलबीच मन्त्रालयको जिम्मेवारी बाँडफाँटमा सहमति जुटेपछि मन्त्रिपरिषद् विस्तारको बाटो खुलेको हो।

सहमति अनुसार नेकपाले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित चार मन्त्रालय पाएको छ। नेकपाको भागमा भौतिक पूर्वाधार तथा सहरी विकास, भूमि व्यवस्था, कृषि तथा सहकारी र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय परेको छ।

त्यस्तै, एमालेले आर्थिक मामिला तथा योजना, सामाजिक विकास र जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय गरी तीन मन्त्रालय पाएको छ।

मन्त्रालय बाँडफाँटसँगै दुई दलले प्रदेश सरकार सञ्चालनका अन्य विषयमा समेत सहमति गरेका छन्। प्रशासनिक संरचना सुधारका लागि यसअघि गरिएका निर्णय कार्यान्वयन गर्दै बाँकी सुधारका कामलाई निरन्तरता दिने सहमति भएको छ।त्यस्तै आर्थिक वर्ष २०८३/०८४ को बजेट प्रदेशसभामा रहेका दलहरूबीच भएको सहमतिअनुसार कार्यान्वयन गर्ने तथा स्वीकृत योजनालाई प्राथमिकताका आधारमा टेन्डर प्रक्रियामार्फत अघि बढाउने बाँकी पृष्ठ २

सम्पादकीय

# गुणस्तरको जिम्मेवारी पनि बढाऔँ

कर्णाली प्रदेश सरकारले पूर्वाधार निर्माणमा गुणस्तरलाई अनिवार्य सर्त बनाउँदै निर्माण सामग्री तथा संरचनाको परीक्षणलाई प्रभावकारी बनाउने तयारी गर्नु सकारात्मक कदम हो । सडक, पुल, भवनजस्ता पूर्वाधारमा राज्यको ठूलो लगानी भइरहेका बेला गुणस्तर परीक्षणलाई निर्माण प्रक्रियाकै महत्वपूर्ण अंग बनाउनु आवश्यक छ । प्रदेश सरकारले प्रादेशिक गुणस्तर परीक्षण प्रयोगशालालाई स्तरोन्नति गरी २०८०/८१ देखि सञ्चालनमा ल्याएको छ । चालु आर्थिक वर्षमा प्रयोगशालाका लागि २० लाख रूपैयाँ विनियोजन गर्नु र कर्णालीका बाँकी नौ जिल्लामा समेत प्रयोगशाला विस्तार गर्ने योजना अघि सार्नु स्वागतयोग्य विषय हो । जिल्लामै परीक्षणको व्यवस्था भएपछि निर्माण सामग्री सुर्खेत वा नेपालगञ्जसम्म लैजानुपर्ने बाध्यता हट्नेछ । यसले समय र खर्च घटाउनुका साथै निर्माणको गुणस्तर परीक्षणलाई थप सहज बनाउनेछ ।

बालुवा, सिमेन्ट, गिट्टीको गुणस्तरदेखि सडकको कोर कटिङ, कालोपत्रेको मोटाइ, बेस तथा सब-बेसको डेन्सिटी र ढलानको परीक्षणसम्मका काम नियमित हुन सके निर्माणमा हुने लापरबाही नियन्त्रण गर्न सकिन्छ । विशेषगरी भौगोलिक रूपमा विकट कर्णालीमा जिल्लास्तरमै प्रयोगशाला स्थापना हुनु अझ महत्वपूर्ण छ । तर प्रयोगशाला स्थापना गर्नु मात्र पर्याप्त छैन । विगतमा गुणस्तर परीक्षणका बाबजुद पनि कतिपय सडक तथा संरचना निर्माण सम्पन्न भएको छोटो समयमै बिग्रिएका उदाहरण छन् । त्यसैले परीक्षणलाई औपचारिकतामा सीमित नगरी त्यसको प्रतिवेदनलाई निर्माणको भुक्तानी, सुधार र जिम्मेवारीसँग जोड्नुपर्छ । मापदण्डविपरीत निर्माण गर्ने निर्माण व्यवसायी र जिम्मेवार प्राविधिकमाथि कारबाही हुने स्पष्ट व्यवस्था आवश्यक छ ।

अर्कोतर्फ पूर्वाधारको गुणस्तर हेर्ने पाँच जिल्लाका कार्यालय नै भाडाका घरबाट सञ्चालन भइरहेका छन् । कालीकोट, जाजरकोट, हुम्ला, मुगु र रूकुम पश्चिमका कार्यालयले वार्षिक लाखौं रूपैयाँ घरभाडामा खर्च गरिरहेका छन् । पूर्वाधार निर्माणको गुणस्तर सुधार्ने सरकारको लक्ष्यसँगै आफ्नै कार्यालयको भौतिक तथा प्राविधिक क्षमता विस्तारमा ध्यान दिनु पनि उत्तिकै जरुरी छ ।

कर्णालीलाई अब धेरै पूर्वाधार होइन, दिगो र गुणस्तरीय पूर्वाधार चाहिएको छ । त्यसका लागि प्रयोगशाला, दक्ष जनशक्ति, नियमित अनुगमन र परीक्षणको नतिजाका आधारमा जवाफदेहिता कायम गर्ने प्रणाली विकास गर्नुपर्छ । राज्यको लगानीलाई क्षणिक निर्माणमा होइन, दीर्घकालीन विकासमा परिणत गर्ने हो भने गुणस्तर परीक्षणलाई कडाइका साथ कार्यान्वयन गर्नुको विकल्प छैन ।

# नेपालमा पुँजीवादको जालो र साम्राज्यवादको प्रभाव



✍ बलराम बास्कोटा

सोभियत संघको विघटनपछि विश्वमा एक प्रकारको पुँजीवादी अहङ्कार निकै प्रबल बनेको थियो । तर इतिहासको गतिसँगै त्यो प्रबलता क्रमिक रूपमा ह्रास हुन थाल्यो । २१औं शताब्दीको दोस्रो दशकदेखि नै विश्व पुँजीवादले गम्भीर र दीर्घकालीन संकटहरूको सामना गरिरहेको छ । पुँजीवादी व्यवस्थाकै विश्लेषक तथा अर्थशास्त्रीहरूले समेत वर्तमान पुँजीवादले संकट बेहोर्नुपरेको यथार्थ स्वीकार्न थालेका छन् ।

पुँजीवादीहरूले १९औं शताब्दीको पुरानो र मृतप्रायः दर्शन भन्दै खिल्ली उडाएको मार्क्सवादले समकालीन पुँजीवादको अन्तर्निहित अन्तरविरोध र संकटलाई वैज्ञानिक ढङ्गले विश्लेषण गर्न सक्छ भन्ने तथ्य पुनः प्रमाणित गरिदिएको छ । यो विश्व परिदृश्यलाई नेपालको विशिष्ट भू-राजनीतिक, सामाजिक र आर्थिक धरातलमा उभिएर हेर्दा स्थिति झनै जटिल देखिन्छ । नेपालले विगत तीन दशकदेखि जुन प्रकारको अन्धो नवउदारवादी अर्थनीति, दलाल पुँजीवाद र विश्वव्यापीकरणको अभ्यास गर्दै आएको छ, त्यसले देशलाई गम्भीर आर्थिक परनिर्भरता, सामाजिक विसङ्गति र वर्गीय ध्रुवीकरणतर्फ धकेलिरहेको छ ।

तसर्थ, नेपालको सन्दर्भमा २१औं शताब्दीको मार्क्सवाद केवल किताबी अध्ययन वा बौद्धिक विमर्शको विषय मात्र होइन, यो त देशको राष्ट्रिय सार्वभौमिकता, आर्थिक स्वाधीनता र श्रमजीवी जनताको मुक्तिको अपरिहार्य मार्ग हो ।

**नवउदारवादी पुँजीवाद**

चार दशकसम्म निरङ्कुश राजतन्त्रको जाँतोमुनि पिसिन बाध्य नेपाली जनता २०४६ सालको जनआन्दोलनपछि मात्र बहुदलीय प्रजातन्त्रमा प्रवेश गरे । तर दुर्भाग्यवश, यही कालखण्डमा विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोष जस्ता साम्राज्यवादी वित्तीय संस्थाहरूको आडमा नेपालको राज्यसत्ताले संरचनागत समायोजन र उदारीकरणको नीतिलाई अन्धाधुन्ध अँगाल्यो । यसैको परिणामस्वरुप औद्योगिक उत्पादनको पतनको युग सुरु भयो । राज्यले संरक्षण गर्दै आएका सार्वजनिक संस्थान तथा कलकारखानाहरू– भृकुटी कागज कारखाना, लुम्बिनी चिनी कारखाना, जनकपुर चुरोट कारखाना, बाँसबारी छाला जुत्ता कारखाना आदिलाई एकपछि अर्को गर्दै कौडीको भाउमा बेचियो । कृषि औजार कारखाना, वीरगन्ज चिनी कारखाना, हेटौंडा कपडा उद्योग, रघुपति जुट मिल जस्ता कारखानाहरू बन्द गरिए । यसले नेपालको सीमित राष्ट्रिय औद्योगिक आधारलाई पूर्ण रूपमा ध्वस्त बनायो । कथित उदारीकरणका नाममा दलाल पुँजीवादको बोलबाला हुन थाल्यो । उत्पादनशील क्षेत्रमा लगानी हुनुको सट्टा पुँजी घरजग्गाको कारोबार, आयात व्यापार र वित्तीय सट्टेबाजीमा केन्द्रित भयो । नेपाल वस्तु उत्पादन गर्ने देशबाट पूर्ण रूपमा परनिर्भर उपभोक्ता बजारमा रूपान्तरण भयो । देशभित्र उत्पादनका साधनहरू खुम्चिँदै जाँदा र रोजगारीका अवसरहरू सिर्जना नहुँदा नेपालका लाखौं युवाहरू खाडी राष्ट्रहरू, मलेसिया र पाश्चात्य मुलुकहरूमा सस्तो श्रम बेच्न बाध्य भए । आज नेपालको अर्थतन्त्रको मेरुदण्ड भनिएको विप्रेषण (रेमिट्यान्स) वास्तवमा नेपाली श्रमजीवी जनताको रगत र पसिनाको शोषणमा टिकेको परनिर्भर अर्थतन्त्रको कुरूप अनुहार मात्र बनेको छ ।

**साम्राज्यवाद र सार्वभौमिकताको सवाल**

भारतीय कम्युनिस्ट पार्टीका पूर्वमहासचिव प्रकाश करातले सन् २०११ मा औँल्याएझैं, २१औं शताब्दीमा साम्राज्यवाद समाप्त भएको छैन, बरु यसले अन्तर्राष्ट्रिय वित्त पुँजी र भू-राजनीतिक सामरिक गठबन्धनमार्फत अझ बढी क्रूर हस्तक्षेप गर्दै गइरहेको छ । उनको यो भनाइले नेपाल जस्तो सानो र विकासोन्मुख देशका लागि साम्राज्यवाद र विस्तारवादका हस्तक्षेपहरू प्रत्यक्ष-अप्रत्यक्ष रूपमा निरन्तर भइरहेका छन् भन्ने तथ्यलाई पुष्टि गर्छ । नेपालमा आउने वैदेशिक अनुदान तथा ऋणका पछाडि निश्चित भू-राजनीतिक एवं आर्थिक सर्तहरू जोडिएका हुन्छन् । शिक्षा, स्वास्थ्य र जलस्रोत जस्ता संवेदनशील क्षेत्रहरूमा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था एवं साम्राज्यवादी एजेन्सीहरूको प्रभाव नीति निर्माण तहसम्मै पुगेको छ । इन्डो-प्यासिफिक रणनीति वा विभिन्न सामरिक सैन्य सम्झौताहरूमार्फत नेपाललाई दक्षिण एसियामा सामरिक अखडा बनाउने प्रयासहरू भइरहेका छन् । नेपालको असंलग्न परराष्ट्र नीतिलाई कमजोर बनाएर यहाँका शासक वर्गलाई वैचारिक तथा आर्थिक रूपमा लाचार बनाउने साम्राज्यवादी कूटनीति तीव्र छ । अतः राष्ट्रिय सार्वभौमिकता, सीमा सुरक्षा र स्वाधीन परराष्ट्र नीतिको रक्षा आज नेपाली वामपन्थी तथा देशभक्त आन्दोलनको प्रमुख कार्यभार बन्न पुगेको छ ।

**नेपालको कृषि संकट र किसान एकता**

नेपाल मूलतः कृषिप्रधान देश भनिए पनि आज यहाँको कृषि क्षेत्र गम्भीर संकटमा छ । नवउदारवादी नीतिकै कारण मल, बीउबिजन र प्रविधिमा राज्यले दिने अनुदान कटौती भएको छ । यसले गर्दा खेतीकिसानी घाटाको व्यापार बन्न पुगेको छ । युवाहरूको विदेश पलायनका कारण नेपालका उर्वर फाँटहरू बाँझा हुँदै गएका छन् । परम्परागत कृषि प्रणाली नष्ट भएको छ र नेपाली बजार भारतीय तथा बहुराष्ट्रिय कृषि उत्पादनहरूको क्रीडास्थल बनेको छ । ग्रामीण क्षेत्रमा अझै पनि अर्ध-सामन्तवादी अवशेषहरू र साहुमहाजनको शोषण कायम छ, जसले गर्दा वास्तविक भूमिहीन किसानहरू उत्पीडनमा छन् । सहरका संगठित तथा असंगठित औद्योगिक मजदुरहरू, ग्रामीण क्षेत्रका गरिब किसानहरू तथा भूमिहीनहरूको बलियो एकताविना नेपालमा कुनै पनि अग्रगामी परिवर्तन सम्भव छैन । सहरका श्रमजीवीहरू र गाउँका पसिना बगाउने किसानहरूको संयुक्त आन्दोलन नै नेपालको रूपान्तरणको मुख्य आधार हो ।

**सामाजिक उत्पीडन र लैङ्गिक अन्तरविरोध**

नेपालको सामाजिक संरचना अत्यन्त जटिल छ । यहाँ वर्गीय शोषणका साथै गहिरो सामाजिक उत्पीडन गढेर बसेको छ । मूलतः हिन्दू वर्णव्यवस्थामा आधारित जातीय छुवाछूत र उत्पीडनले नेपाली समाजलाई विभाजित गरेको छ । दलित, आदिवासी जनजाति, मधेसी र पिछडिएका क्षेत्रका जनतामाथि हुने राज्य र समाजको दोहोरो शोषण वर्गीय शोषणसँग अन्योन्याश्रित रूपमा जोडिएको छ । पुँजीवादी तथा पितृसत्तात्मक व्यवस्थाले महिलाहरूको श्रमलाई अवमूल्यन गरेको छ । घरभित्रको 'केयर इकोनोमी' को सम्पूर्ण भार महिलाहरूको काँधमा थोपरिएको छ भने बाहिर पनि उनीहरू समान ज्याला र अवसरबाट वञ्चित छन् । नेपालको सन्दर्भमा वर्गमुक्तिको आन्दोलन तबसम्म सफल हुन सक्दैन, जबसम्म जाति, क्षेत्र र लिङ्गका आधारमा हुने सबै प्रकारका सामाजिक उत्पीडनहरूविरुद्धको संघर्षलाई मार्क्सवादी आन्दोलनको मूलधारमा समाहित गरिँदैन ।

**कम्युनिस्ट आन्दोलनको उपलब्धि र विचलन**

सोभियत संघको विघटनपछि विश्वभर निराश बनेका कम्युनिस्ट आन्दोलनहरूबिच नेपालमा भने २०५२ फागुनदेखि सञ्चालित जनयुद्ध, २०६२/०६३ को ऐतिहासिक जनआन्दोलन र विभिन्न संघर्षहरूका बलमा राजतन्त्रको अन्त्य भई संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भयो । यी सबै आन्दोलनहरूको अग्रपंक्तिमा मार्क्सवादी-लेनिनवादी विचारधाराबाट प्रेरित कम्युनिस्ट पार्टीहरू नै थिए । तर विडम्बना, जब नेपालका वामपन्थी तथा कम्युनिस्ट पार्टीहरू सत्ताको शिखरमा पुगे, उनीहरू क्रान्तिकारी सिद्धान्त र जनतासँगको साइनो बिर्सिए । महाकाली सन्धि र एमसीसी जस्ता राष्ट्रघाती सम्झौता उनीहरूले नै गर्न पुगे । अमेरिकी साम्राज्यवादलाई पार्टीका दस्तावेजहरूमा किटान गर्न पनि नसक्ने अवस्था आयो । यसरी संसदीय अवसरवाद र वैचारिक पतनका कारण सत्ता प्राप्ति र कुर्सीको खेलमा रुमलिएका कम्युनिस्ट भनिने दलहरूले समेत अन्ततः नवउदारवादी अर्थनीतिकै सेवा गर्न पुगे । दलाल पुँजीपति वर्ग र भ्रष्ट नोकरशाहीतन्त्रसँगको साँठगाँठले गर्दा जनतामा ठूलो निराशा पैदा भयो । एकातर्फ रुढिवादी र जडसूत्रवादी चिन्तनबाट मुक्त हुन नसक्नु र अर्कातर्फ क्रान्तिकारी कार्यदिशा छाडेर दक्षिणपन्थी अवसरवादमा पतन हुनु नेपालको कम्युनिस्ट आन्दोलनको मुख्य कमजोरी बन्यो । तसर्थ, मार्क्सवादलाई कुनै अपरिवर्तनीय मृत ग्रन्थ नभई 'जीवन्त विज्ञान' का रूपमा बुझेर नेपालको विशिष्ट मौलिकता अनुसार यसलाई पुनर्संरचना गर्नुपर्ने खाँचो आज टड्कारो रूपमा देखिएको छ ।

# नेशनल बाथरोग सेन्टरको १०औं शाखा सुर्खेतमा सञ्चालन

❑ कान्क्रेविहार संवाददाता

सुर्खेत, ३ भदौ

कर्णाली प्रदेशका बाथरोगीहरूलाई लक्षित गर्दै नेसनल बाथरोग सेन्टरले सुर्खेतको बङ्गेसिमलमा आफ्नो १० औं शाखा सञ्चालनमा ल्याएको छ । बाथरोग तथा रुमाटिक रोगको विशेषज्ञ निदान, उपचार र दीर्घकालीन व्यवस्थापनका लागि सेन्टरले आफ्नो सेवा सुरु गरेको हो ।



नयाँ शाखा विस्तार भएसँगै कर्णालीका बाथरोगीहरूलाई अब नियमित फलोअप र विशेषज्ञ उपचारका लागि काठमाडौं वा अन्य ठूला सहर धाउनुपर्ने सास्ती हटेको छ । यात्रामा हुने खर्च, समय र अन्य झन्झटलाई न्यूनीकरण गर्दै स्थानीय स्तरमै गुणस्तरीय सेवा दिने उद्देश्यले शाखा विस्तार गरिएको सेन्टरले जनाएको छ । नेसनल बाथरोग सेन्टरका प्रबन्ध निर्देशक रोशन कक्षपतीले बाथरोगको समयमै सही निदान र विशेषज्ञ उपचार पाएमा यसलाई प्रभावकारी रूपमा नियन्त्रण गर्न सकिने बताए । २०६९ जेठ २२ मा काठमाडौंको रातोपुलबाट सेवा सुरु गरेको सेन्टरले हाल ललितपुर, भक्तपुर, पोखरा, झापा, बुटवल, दाङ, चितवन र धनगढीसहित देशका प्रमुख सहरहरूमा सेवा प्रदान गर्दै आएको छ । सेन्टरले उपचारसँगै कर्णाली प्रदेशमा जनचेतनामूलक कार्यक्रम, निःशुल्क स्वास्थ्य शिविर, स्थानीय स्वास्थ्यकर्मीहरूसँग सहकार्य तथा बाथरोगसम्बन्धी अध्ययन-अनुसन्धानलाई समेत अघि बढाउने लक्ष्य लिएको सेन्टरका प्रबन्ध निर्देशक कक्षपतीले बताए ।

उद्घाटन कार्यक्रममा बोल्दै कर्णाली प्रदेशका प्रदेश प्रमुख यज्ञराज जोशीले कर्णालीमा नै बाथरोग उपचार सेवा विस्तार हुनु सुखद भएको बताए । कर्णाली र सुदूरपश्चिमका महिलामा बाथरोगको समस्या बढी देखिने भएकाले समयमै रोग पहिचान गरी उपचार गर्नुपर्ने बताउँदै उनले बाथरोग सेवा विस्तार हुँदा सहज हुने उल्लेख गरे । अन्त्यमा उनले बाथरोगलाई सामान्य रूपमा लिन नहुनेमा जोड दिए । वीरेन्द्रनगर दुईका वडाध्यक्ष गजबहादुर बुढाले बाथरोग सम्बन्धि विशेषज्ञ स्वास्थ्य सेवा उपलब्ध हुनु वीरेन्द्रनगर एक र दुईका लागी झन खुसीको विषय भएको बताए । वीरेन्द्रनगर एकका वडाध्यक्ष दिनेश खत्रीले शाखा विस्तारले कर्णालीका नागरिकको स्वास्थ्य सेवामा पहुँच बढाउने विश्वास व्यक्त गरे ।वरिष्ट बाथरोग विशेषज्ञ डा. बिनित वैद्यले बाथरोग समयमै पहिचान र विशेषज्ञ उपचार पाए प्रभावकारी रूपमा व्यवस्थापन गर्न सकिने बताए । त्यस्तै नेपाल पत्रकार महासंघ सुर्खेत शाखाका अध्यक्ष मधुवन बीसीले बाथरोग सम्बन्धी जनचेतना अभिवृद्धिमा सञ्चारमाध्यम र स्वास्थ्य संस्थाबीच सहकार्य आवश्यक रहेको बताए । कार्यक्रममा बाथरोग सुर्खेत शाखाका प्रवन्ध निर्देशक रमेश कुमार श्रेष्ठले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रम सञ्चालन शाखा म्यानेजर कृष्ण बि.सीले गरेका थिए ।

## कर्णाली...

सहमति भएको छ । रकमान्तरभन्दा स्वीकृत योजनाको कार्यान्वयनलाई प्राथमिकता दिने नीति अवलम्बन गरिने भएको छ ।

कानुन, नीति तथा कार्यक्रम निर्माणका साथै विभिन्न मनोनयन र नियुक्तिका विषयमा पनि दुई दलबीच आपसी सहमति गरेर मात्रै प्रक्रिया अघि बढाउने सहमति भएको जनाइएको छ ।

**एमालेका तीन मन्त्रीले लिए शपथ**

मन्त्रालय भागबन्डामा सहमति जुटेलगत्तै एमालेले सरकारमा सहभागी हुने तीन मन्त्रीको नाम टुंगो लगाएको थियो । एमालेका तर्फबाट टेकराज पछाई, जितबहादुर मल्ल र कलबहादुर हमालले बुधबार साँझ पद तथा गोपनीयताको शपथ लिएका छन् ।

प्रदेश प्रमुख यज्ञराज जोशीले उनीहरूलाई एक समारोहबीच शपथ गराएका हुन् ।

पछाईले आर्थिक मामिला तथा योजना, मल्लले सामाजिक विकास तथा हमालले जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयको जिम्मेवारी पाएका छन् ।

नेकपाले भने आफ्नो भागमा परेका चार मन्त्रालयका लागि मन्त्रीको नाम टुंगो लगाइसकेको छैन । त्यसैले एमालेका तीन मन्त्रीले शपथ लिए पनि सरकारमा नेकपातर्फका थप मन्त्री सहभागी हुन बाँकी छ ।

तीन सातादेखि मन्त्रालय भागबन्डाको विवादका कारण रोकिएको मन्त्रिपरिषद् विस्तारको प्रक्रिया अब अघि बढ्ने भएको छ । सत्ता साझेदार दुई दलबीच मन्त्रालयको संख्या र जिम्मेवारीमा सहमति जुटेसँगै कर्णाली सरकार सञ्चालनमा देखिएको राजनीतिक अन्योलसमेत हटेको छ ।

सूचना, समाचार तथा विज्ञापनको लागि
९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला ।

# पुल बगाएपछि तुइनबाट जोखिमपूर्ण यात्रा



❑ **काँक्रेविहार संवाददाता**
जाजरकोट, ३ भदौ

अविरल वर्षापछि आएको बाढीले पुल र सडक बगाएपछि नलगाड नगरपालिका-१० तासुगाड खोलामा स्थानीयवासी जोखिम मोलेर तुइनमार्फत आवतजावत गर्न बाध्य भएका छन् । गत साउन २९ गते आएको बाढीले तासुगाड खोलाको पुल बगाउनुका साथै आसपासका सडक तथा घरटहरामा क्षति पुऱ्याएको छ ।

भेरी करिडोर अन्तर्गत जाजरकोट-डोल्पा सडकखण्ड समेत अवरुद्ध भएपछि स्थानीयलाई दैनिक आवतजावतमा समस्या भएको हो ।

खोलामा पानीको बहाव अझै नघटेकाले स्थानीयले वैकल्पिक बाटोको अभावमा तुइन जडान गरेका छन् । स्थानीय खिमबहादुर मल्लका अनुसार अत्यावश्यक कामका लागि आवतजावत गर्नुपर्ने सर्वसाधारणलाई सहज होस् भनेर तुइन बनाइएको हो ।

पुल र सडक अवरुद्ध हुँदा नलगाड नगरपालिका १०, ११, १२ र १३ का बासिन्दा बढी प्रभावित भएका छन् । विशेषगरी बिरामी, गर्भवती तथा सुत्केरी महिलालाई उपचारका लागि नगर अस्पताल दल्लीसम्म लैजान कठिन भएको स्थानीयले बताएका छन् ।

रुकुम पश्चिमको आठबिसकोट नगरपालिका-स्थित गोतामकोटका बासिन्दासमेत प्रभावित भएका छन् । नलगाड नगरपालिकाकी उपप्रमुख देवका लामिछानेले स्थानीय सरकारले तुइन निर्माणबारे औपचारिक जानकारी नपाएको बताइन् । वर्षाका कारण खोलाको बहाव बढ्न सक्ने भएकाले जोखिमपूर्ण काम नगर्न स्थानीय प्रशासनले आग्रह गरेको छ ।

बाढीले पुल र सडकमा क्षति पुऱ्याएपछि वैकल्पिक सडक निर्माणका लागि पहल भइरहेको भए पनि पानीको बहाव नघट्दा काम अघि बढाउन समस्या भएको जनाइएको छ । तत्काल सुरक्षित आवतजावतको व्यवस्था नहुँदा स्थानीयवासी थप जोखिममा परेका छन् ।

# कृषिमा युवा आकर्षण बढाउन कर्णालीमा विशेष कार्यक्रम




❑ **काँक्रेविहार संवाददाता**
सुर्खेत, ३ भदौ

कर्णाली प्रदेश सरकारले युवालाई कृषि क्षेत्रमा आकर्षित गरी स्वदेशमै रोजगारी र उद्यमशीलता सिर्जना गर्ने उद्देश्यले नयाँ कार्यक्रम सञ्चालन गर्ने भएको छ ।

प्रदेश सरकारले चालु आर्थिक वर्षको बजेटमार्फत 'निर्वाचन क्षेत्र विशेष युवा लक्षित कार्यक्रम' अघि सारेको हो । भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका अनुसार कार्यक्रम कार्यान्वयनका लागि नौ करोड ६० लाख रुपैयाँ विनियोजन गरिएको छ ।

प्रत्येक निर्वाचन क्षेत्रमा ४० लाख रुपैयाँका दरले बजेट खर्च गरिनेछ । जिल्ला कृषि विकास कार्यालय तथा पशु सेवा कार्यालयमार्फत कार्यक्रम सञ्चालन गर्ने तयारी गरिएको छ । हाल कार्यक्रमको कार्यविधि निर्माण भइरहेको मन्त्रालयले जनाएको छ ।

युवालाई कृषि उद्यम, स्वरोजगार र व्यवसायमा जोडेर विदेश पलायन रोक्ने सरकारको लक्ष्य छ ।

रोजगारीको पर्याप्त अवसर नहुनु, लगानीका क्षेत्र पहिचान नहुनु र उद्यमशीलताको अभावका कारण ठूलो संख्यामा कर्णालीका युवा रोजगारी तथा अध्ययनका लागि विदेशिने गरेका छन् ।

कर्णालीमा श्रमशक्तिको अभावसँगै खेतीयोग्य जमिन बाँझो रहने समस्या पनि बढ्दै गएको छ । यस्तो अवस्थामा युवालाई आधुनिक कृषि, पशुपालन तथा उत्पादनमूलक व्यवसायमा जोड्न सके रोजगारीसँगै कृषि उत्पादन वृद्धि हुने अपेक्षा गरिएको छ ।

तथ्यांक अनुसार कर्णालीका ९४ हजार तिन सय २० जना नागरिक अक्सर विदेशमा बसोबास गर्छन् । यसमध्ये ७७ हजार दुई सय ७८ पुरुष र १७ हजार ४२ महिला छन् ।

२०६८ सालको तुलनामा विदेशमा बसोबास गर्ने जनसंख्या २६ हजार सात सय ३८ ले बढेको छ ।

प्रदेश सरकारले नयाँ कार्यक्रममार्फत युवाको ज्ञान, सीप र सिर्जनशीलतालाई स्वदेशमै उपयोग गरी कृषि क्षेत्रलाई रोजगारीको आकर्षक माध्यम बनाउने लक्ष्य लिएको जनाएको छ ।

## रद्द...

बोलपत्र हुँदा समय थपिने विषयलाई मुख्य चिन्ताका रूपमा प्रस्तुत गरेका छन् । 'प्राविधिक मूल्याङ्कनसम्म पुग्न लामो समय लागिसकेको छ । आर्थिक प्रस्ताव खोल्ने चरणमा पुगेपछि फेरि सुरुदेखि प्रक्रिया सुरु गर्दा समय थपिन्छ,' देवकोटाले भने, 'जनतामा अब आयोजना अगाडि बढ्छ भन्ने आशा बनिरहेको अवस्थामा फेरि प्रक्रिया पछाडि जानु चिन्ताको विषय हो ।'

यसैबीच, सुर्खेत उपत्यका खानेपानी उपभोक्ता संस्थाले भने चालु खरिद प्रक्रिया रद्द नगर्न सरकार र विश्व बैंकसँग औपचारिक रुपमा आग्रह गरेको छ । संस्थाका अध्यक्ष कुलमणि देवकोटाको अध्यक्षतामा साउन ३० गते बसेको उपभोक्ता समितिको आकस्मिक बैठकले चालु खरिद प्रक्रिया रद्द गरेर नयाँ बोलपत्र आह्वान गर्दा आयोजना थप लम्बिने र वीरेन्द्रनगरमा खानेपानीको समस्या झन् गम्भीर बन्न सक्ने निष्कर्ष निकालेको छ । संस्थाले तयार गरेको निर्णयमा विश्व बैंकले साउन २२ गते अर्थात् ७ अगस्ट २०२६ मा पत्र पठाउँदै चालु खरिद प्रक्रिया रद्द गरी संशोधित व्यवस्थासहित नयाँ बोलपत्र आह्वान गर्न सिफारिस गरेको उल्लेख गरिएको छ । उपभोक्ता संस्थाले उक्त निर्णयप्रति गम्भीर असहमति जनाउँदै चालु प्रक्रिया नै अघि बढाउन माग गरेको छ ।

निर्णयमा पहिलोपटक बोलपत्र आह्वान भएदेखि प्राविधिक मूल्याङ्कन स्वीकृत भई आर्थिक प्रस्ताव खोल्ने अवस्थासम्म पुग्न छ महिना १८ दिन अर्थात् १९८ दिन लागेको उल्लेख गरिएको छ । अहिले आएर उक्त प्रक्रिया पूर्ण रूपमा रद्द गरी नयाँ बोलपत्र, मूल्याङ्कन र स्वीकृतिको चरणमा जाँदा कम्तीमा थप एक वर्ष समय लाग्ने र आयोजनाको लागतसमेत बढ्ने जोखिम रहेको संस्थाको निष्कर्ष छ । 'पहिलो पटक सूचना प्रकाशन भएदेखि प्राविधिक मूल्याङ्कन स्वीकृत भई आर्थिक प्रस्ताव खोल्ने अवस्थासम्म पुग्न १९८ दिन लागेको छ,' निर्णयमा भनिएको छ, 'अहिले आएर सम्पूर्ण प्रक्रिया रद्द गरी पुनः नयाँ बोलपत्र आह्वान, मूल्याङ्कन र स्वीकृतिको चरणमा जाँदा कम्तीमा थप एक वर्ष समय व्यतीत हुने र आयोजनाको आर्थिक व्ययभारसमेत बढ्ने देखिन्छ ।' संस्थाले नेपाल सरकारको विद्युतीय सरकारी खरिद प्रणालीको पारदर्शिता र विश्वसनीयतामाथि ठोस कानुनी आधार वा प्रमाणबिना केवल शङ्काका आधारमा प्रश्न उठाएर चालु खरिद प्रक्रिया रद्द गर्न खोजिएको भन्दै आपत्ति जनाएको छ ।

'विद्युतीय सरकारी खरिद प्रणालीको पारदर्शिता र विश्वसनीयतामाथि कुनै ठोस कानुनी आधार वा प्रमाणबिना केवल शङ्काका भरमा चालु खरिद प्रक्रिया रद्द गर्नु न्यायसङ्गत हुँदैन,' निर्णयमा उल्लेख छ, 'बोलपत्र कागजातमा भएका व्यवस्था तथा कानुनी विषय स्पष्ट नगरी प्रक्रिया रोक्नुको सट्टा देखिएका कमजोरी भए त्यसलाई सच्याएर अघि बढ्नु उपयुक्त हुन्छ ।' उपभोक्ता संस्थाले भेरी पम्पिङ आयोजना वीरेन्द्रनगरका लागि अत्यावश्यक रहेको भन्दै प्रक्रिया पुनः सुरु गर्दा खानेपानीको समस्या थप लम्बिने चेतावनीसमेत दिएको छ । 'लामो समयदेखि खानेपानीको अभाव झेलिरहेका वीरेन्द्रनगरवासीका लागि भेरी पम्पिङ आयोजना अत्यावश्यक आयोजना हो,' निर्णयमा भनिएको छ, 'थप ढिलाइ हुँदा नागरिकको आधारभूत मानव अधिकारका रूपमा रहेको खानेपानी पाउने अधिकारमै असर पर्न सक्छ । त्यसैले चालु प्रक्रिया अगाडि बढाउनु आयोजना र उपभोक्ता दुवैको हितमा हुन्छ ।'

संस्थाले खरिद प्रक्रियामा सानातिना त्रुटि वा कमजोरी भए त्यसलाई सच्याएर चालु प्रक्रियाबाटै अघि बढ्नुपर्ने माग गरेको छ । 'खरिद प्रक्रियामा कुनै सानातिना त्रुटि वा कमजोरी भए त्यसलाई सच्याएर प्रक्रिया अगाडि बढाउनु उपयुक्त हुन्छ,' निर्णयमा उल्लेख छ, 'चालु प्रक्रिया रद्द नगर्न र अन्य वैकल्पिक समाधानका उपाय खोज्न सम्बन्धित सबै सरोकारवाला निकायलाई अनुरोध गर्ने निर्णय गरिएको छ ।' संस्थाले खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग आयोजना, आयोजना व्यवस्थापन कार्यालय पानीपोखरी, विश्व बैंक तथा भेरी लिफ्टिङ खानेपानी आयोजना कार्यान्वयन इकाइ वीरेन्द्रनगरलगायत सम्बन्धित निकायलाई उक्त निर्णय कार्यान्वयनका लागि पठाएको छ । यससम्बन्धी निर्णयको प्रतिलिपि पठाइएको जानकारी गराउँदै संस्थाले २०८३ भदौ ३१ गते आयोजना व्यवस्थापन इकाइ र आयोजना कार्यान्वयन इकाइलाई पत्रसमेत पठाएको छ ।

**के भन्छ नगरपालिका ?**

वीरेन्द्रनगर नगरप्रमुख मोहनमाया ढकालले प्याकेज-२ को खरिद प्रक्रिया नेपाल सरकार र विश्व बैंकबीचको दातृ सहयोगअन्तर्गतको कार्यक्रम भएकाले विश्व बैंकको खरिद व्यवस्था लागू हुने बताइन् । 'नेपाल सरकारले विश्व बैंकसँग दातृ सहयोगअन्तर्गतका कार्यक्रमका लागि सम्झौता गर्दा विश्व बैंककै खरिद प्रक्रिया लागू हुने व्यवस्था गरेको हुन्छ,' ढकालले भनिन्, 'यस्तो प्रक्रियामा विश्व बैंकको सहमति महत्वपूर्ण हुन्छ । अहिले खरिद प्रक्रियामा समस्या देखिएपछि पुनः बोलपत्र गर्न र कागजी माध्यमबाट प्रक्रिया अघि बढाउन पत्राचार भएको हो ।'

विश्व बैंकबाट आएको पत्र सम्बन्धित निकाय हुँदै आयोजना कार्यालयसम्म आएपछि पुनः बोलपत्रको प्रक्रिया अघि बढाइएको उनले बताइन् । 'सम्बन्धित विभाग हुँदै नगरपालिका र आयोजना कार्यालयलाई पनि पत्राचार भएको हो,' उनले भनिन्, 'विश्व बैंकको सहमति नलिई प्रक्रिया अगाडि बढाउँदा पछि कानुनी समस्या आउन सक्ने भएकाले आएको निर्देशनअनुसार पुनः बोलपत्र गर्ने प्रक्रिया अघि बढाइएको हो ।' नगरपालिकाको यसमा कुनै हस्तक्षेप नरहेको उनले स्पष्ट पारिन् । 'यसमा हाम्रो कुनै पनि हात हुँदैन, उनी भन्छिन्,' यसमा नेपाल सरकार र विश्व बैंककै प्रक्रिया हुन्छ ।'

ढकालका अनुसार पहिलो प्याकेजको काम करिब ४० प्रतिशतको आसपास पुगेको छ । दोस्रो प्याकेज उपत्यकाको पानी वितरण प्रणालीसँग सम्बन्धित रहेको उनले बताइन् । 'दोस्रो प्याकेजबाट उपत्यकामा वितरण प्रणाली निर्माण गर्ने र घरघरमा पानी पुऱ्याउने संरचनासँग सम्बन्धित काम हुन्छ,' उनले भनिन्, 'त्यसको बोलपत्र फेरि गर्नुपर्ने भएपछि समग्र आयोजना सम्पन्न हुने समय पनि पछाडि जान्छ ।'

भेरी नदीको पानी पम्पिङ गरेर वीरेन्द्रनगर उपत्यकामा ल्याउने उद्देश्यले भेरी पम्पिङ खानेपानी आयोजना अघि बढाइएको हो । विश्व बैंकको ऋण सहयोगमा सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन विभागअन्तर्गत 'खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग आयोजना'मार्फत यो आयोजना कार्यान्वयन भइरहेको छ । स्थानीय तहमा वीरेन्द्रनगर आयोजना कार्यान्वयन इकाइमार्फत काम भइरहेको छ । आयोजना दुई प्रमुख प्याकेजमा विभाजन गरिएको छ । पहिलो प्याकेजअन्तर्गत भेरी नदीमा इन्टेक, पानी प्रशोधन केन्द्र, रिजर्भ ट्याङ्की र मुख्य प्रसारण लाइन निर्माणको काम भइरहेको छ । यसको ठेक्का करिब ३ अर्ब ८० करोड रुपैयाँमा भएको हो । नगरप्रमुख ढकालका अनुसार पहिलो प्याकेजको काम करिब ४० प्रतिशत सम्पन्न भएको छ । भेरी नदीबाट पम्पिङ गरिएको पानी करिब ४०० मिटर उचाइमा निर्माण हुने प्रशोधन केन्द्रमा पुऱ्याइनेछ । त्यसपछि करिब ७ किलोमिटर पाइपलाइनमार्फत वीरेन्द्रनगर-११ अमृतडाँडामा निर्माण हुने १२ हजार घनमिटर क्षमताको रिजर्भ ट्याङ्कीमा पानी पुऱ्याइनेछ । त्यहाँबाट मुख्य प्रसारण तथा वितरण प्रणालीमार्फत वीरेन्द्रनगरका वडा नम्बर १ देखि १३ सम्म पानी वितरण गर्ने योजना छ ।

दोस्रो प्याकेजअन्तर्गत उपत्यकाभित्र पानी वितरणका लागि पाइपलाइन विस्तार तथा पुरानो वितरण प्रणाली सुधारको काम समेटिएको छ ।

वीरेन्द्रनगरमा खानेपानीको माग र आपूर्तिबीच ठूलो अन्तर छ । सुर्खेत उपत्यका खानेपानी उपभोक्ता संस्थाका अनुसार उपत्यकामा ३८ हजारभन्दा बढी घरधुरी छन् । तीमध्ये २० हजार ३५० घरधुरीमा मात्र धारा जडान भएको छ । धारा जडान भएका घरधुरीका लागि मात्रै दैनिक करिब ३७४ लिटर प्रतिसेकेन्ड पानी आवश्यक पर्ने भए पनि हालका स्रोतबाट करिब ५२ लिटर प्रतिसेकेन्ड मात्रै पानी आपूर्ति भइरहेको छ । हाल झुप्रा खोला, खरिखोला, खोर्के खोला तथा बुलबुले काठकुवा खोलालगायतका स्रोतबाट पानी आपूर्ति भइरहेको छ । तर सुक्खा मौसममा मुहानमा पानीको मात्रा घट्दा उपत्यकामा खानेपानीको अभाव बढ्ने गरेको छ । विशेषगरी चैत, वैशाख, जेठ र असारमा खानेपानीको संकट बढी हुने गरेको छ ।

यसअघि लामो खडेरीका कारण पानीका स्रोत घटेपछि संस्थाले उपत्यकाका केही क्षेत्रमा छ दिनको फरकमा एक घण्टा मात्र पानी वितरण गर्ने तालिका लागू गर्नुपरेको थियो । भेरीको पानी उपत्यकामा ल्याउने आयोजना दीर्घकालीन सन् २०५० सम्म वीरेन्द्रनगरमा बढ्ने जनसंख्यालाई मध्यनजर गर्दै अघि बढाइएको हो ।



सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

# सिद्धार्थ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

वीरेन्द्रनगर-६, सुर्खेत (०८३-५२०७६६, ५२१४७७)

## ऋण चुक्ता गर्न आउने बारे ३५ दिने सूचना

**(प्रथम पटक सूचना प्रकाशित मितिः २०८३/०५/०४ गते, बिहीबार)**

यस सिद्धार्थ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडबाट तपसिलमा उल्लेखित तपाईं ऋणी सदस्यले विभिन्न शीर्षकअन्तर्गत लिनु भएको ऋणको साँवा, ब्याज र अन्य दैदस्तुरसमेत यसै संस्थासँगको सर्त कबुलियत बमोजिम मासिक तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाइ सो सम्बन्धमा पटक-पटक टेलिफोन, प्रत्यक्ष भेटघाट तथा पत्रमार्फत अनुरोध गर्दा पनि ऋणको साँवा, व्याज र अन्य दैदस्तुरसमेत संस्थालाई तिर्नु बुझाउनु पर्ने रकम नबुझाइ ऋणसम्बन्धी सर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण चुक्ता, भुक्तान गर्नको लागि संस्थाले काँक्रेविहार राष्ट्रिय दैनिक पत्रिकामार्फत ३५ दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र संस्थाको मुख्य कार्यालय तथा सम्पर्क कार्यालयमा सम्पर्क राखि संस्थालाई तिर्नू, बुझाउनु पर्ने सम्पूर्ण बक्यौता रकम (ऋणको सावाँ, व्याज, हर्जना र अन्य दैदस्तुर रकम) समेत चुक्ता गर्नहुन सुचित गरिन्छ।

अन्यथा यो सूचनाबमोजिम आफूले लिएको ऋणको बाँकी बक्यौता तिर्न बुझाउन नआएमा ऋणी र धितो जमानत दिने सदस्यहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा समावेश गरिनेछ र सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, संस्थाको विनियम २०७८, ऋण व्यवस्थापन कार्यविधि २०७८, ऋण अन्वेषण कार्यविधि २०७९ तथा प्रचलित कानुनबमोजिम (म संस्थाले आफ्नो सम्पूर्ण लेना रकम) असुल उपर गरी लिने व्यहोरा अवगत गराउँदछौं। सहकारी ऐनको दफा (८०) बमोजिम कालो सूचिमा समावेश गरी कानुनी प्रक्रियासमेत अगाडि बढाउने र संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानुनअनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल-अचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी साँवा, व्याज, हर्जाना तथा अन्य दैदस्तुर असूल उपरका लागि कानुनी प्रक्रिया अगाडि बढाइ असुलउपर गरिने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरू तथा सम्बन्धित सबैलाई यो सूचनामार्फत सूचित गरिन्छ।

### ऋणीको विवरण

| क्र. सं. | ऋणी सदस्यको नाम/तीन पुस्ते विवरण | फोटो | जग्गा धनिको तिनपुस्ते विवरण | जग्गाको विवरण |
|---|---|---|---|---|
| १ | **ऋणीको नाम : मनिसरा रजाली**<br>बाबु- कर्क बहादुर चौहान<br>बाजे- बलिराम चौहान<br>श्रीमान- शेर बहादुर रजाली<br>ना.प.न- ६४३०२४/४८ सुर्खेत<br>स्थायी ठेगाना- कल्याण ७ सुर्खेत<br>हालको ठेगाना- लेकवेशी-७, सुर्खेत<br>**पारिवारिक जमानी -**<br>बीर बहादुर रजाली - श्रीमान<br>प्रदिप रजाली - छोरा, टिका वि.सी.- बुहारी |  | नामथर-<br>बिर बहादुर रजाली<br>पति/बाबु-<br>टंक बहादुर<br>बाजे/ससुरा - हस्ते<br>ना.प.न.<br>१५४७०/१८८७<br>हालको ठेगाना-<br>लेकवेशी-७, सुर्खेत | साबिक-डाडागाउँ ९क, कित्ता न.१७३<br>क्षेत्रफल<br>१५२६.२२ व.मी. |
| २ | **ऋणीको नाम : जगत बहादुर थापा मगर**<br>बाबु- विर बहादुर थापा मगर<br>बाजे- हरिराम थापा मगर<br>श्रीमती- बनिसरा थापा मगर<br>ना.प.न- ३३३४५ सुर्खेत<br>स्थायी ठेगाना- कल्याण ७ सुर्खेत<br>हालको ठेगाना-लेकवेशी, ७ सुर्खेत<br>**पारिवारिक जमानी -** |  | स्वयम | साबिक-<br>डाडागाउँ ९व,<br>कित्ता न.३६१<br>क्षेत्रफल<br>१४७२.४८<br>व.मी. |
| ३ | **ऋणीको नाम : बिर्मा तारम**<br>बाबु- श्यामलाल बराल<br>बाजे-पदम बहादुर बराल<br>श्रीमान- टिकाराम ताराम<br>ना.प.न- ६४३०२४/१६सुर्खेत<br>स्थायी ठेगाना- कल्याण-५,सुर्खेत<br>हालको ठेगाना-लेकवेशी, ६ सुर्खेत<br>**पारिवारिक जमानी -** |  | नामथर-<br>मनिसरा तारम मगर<br>श्रीमान-<br>भविराज तारम मगर<br>ससुरा - पर्शे बहादुर<br>ना.प.न.-<br>४८७८/२२६८<br>हालको ठेगाना-<br>लेकवेशी, ६ सुर्खेत | साबिक-<br>डाडागाउ ८क,<br>कित्ता न.४३६,<br>क्षेत्रफल.२४४६.२६ व.मी. |
| ४ | **ऋणीको नाम : खिमसरा सलामी**<br>बाबु- पुर्ण बहादुर बि.सि.<br>बाजे- कर्ण बि. सि.<br>श्रीमान- बसन्त कुमार सलामी<br>ना.प.न- ६४-११-७०-००३४७ सुर्खेत<br>स्थायी ठेगाना- कल्याण -५, सुर्खेत<br>हालको ठेगाना- लेकवेशी-६, सुर्खेत<br>**पारिवारिक जमानी -** |  | स्वयम | लेकवेशी न.पा.<br>६, कित्ता न.९<br>क्षेत्रफल<br>२२५.०० व.मि. |

# प्रधानमन्त्री बालेनसँग मन्त्रीहरुले गरे कार्यसम्पादन सम्झौता



काँक्रेविहार संवाददाता
काठमाडौं, ३ भदौ

प्रधानमन्त्री बालेन शाहसँग मन्त्रीहरुले चालु आर्थिक वर्षमा गरिने मुख्य काम र उपलब्धिका लागि कार्यसम्पादन सम्झौता गरेका छन्।

सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बुधवार मन्त्रीहरुले प्रधानमन्त्रीसँग कार्यसम्पादन सम्झौतामा हस्ताक्षर र सम्झौताको प्रति आदानप्रदान गरेका हुन्।

प्रधानमन्त्रीले मन्त्रीहरुसँग सुशासन, सामाजिक न्याय र समृद्धिसँग सम्बन्धित कार्यसम्पादन सम्झौता गरेका हुन्।

प्रधानमन्त्री शाहसँग अर्थमन्त्री डा स्वर्णिम वाग्ले, परराष्ट्रमन्त्री शिशिर खनाल, ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री बिराज भक्त श्रेष्ठ, गृहमन्त्री सुधन गुरुङ, कानून, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतम, विज्ञान, प्रविधि तथा नवप्रवर्तनमन्त्री महावीर पुनसँग कार्यसम्पादन सम्झौता गरे।

त्यसैगरी, महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षामन्त्री सिता बादी, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावल, स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहता, शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेल, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडक राज पौडेल, सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिना, कृषि, वन तथा पर्यावरणमन्त्री गिता चौधरी र उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरी कुमारीले पनि प्रधानमन्त्रीसँग कार्यसम्पादन सम्झौता गरेका छन्।

पूर्वाधार विकासमन्त्री सुनील लम्साल अस्वस्थताका कारण बुधवार कार्यसम्पादन सम्झौतामा उपस्थित भएनन् भने युवा, श्रम तथा रोजगार मन्त्री रामजी यादव संसदमा सहभागी हुनुपरेकाले उपस्थित थिएनन्।

प्रधानमन्त्री शाहसँग नेपाल सरकारका मुख्यसचिव गोविन्दबहादुर कार्कीले पनि कार्यसम्पादन सम्झौता गरे।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# भूमि प्रशासन कार्यालय, सुर्खेत

## भूमि प्रशासन कार्यालय सुर्खेतबाट जारी भएको नामसारी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।

*(प्रकाशित मितिः २०८३/०५/०४)*

जिल्ला सुर्खेत वीरेन्द्रनगर नगरपालिका वडा नं. १२, बस्ने अम्मर बहादुर बोहराको नाति/नातिनी कर्ण बहादुर बोहराको छोरा ना.प्र.नं. ११९५२/१२९३ जारी मिति २०३९/११/०४ सुर्खेतको तुल बहादुर बोहोराले यस कार्यालयमा दिएको निवेदन अनुसार मेरो बाजे अम्मर बहादुर बोहराको नाममा दर्ता कायम तपशिल बमोजिमको जग्गा एकलौटी नामसारी गरिपाउँ भनि यस कार्यालयमा द.नं. १००८ मिति २०८३/०५/०२ मा निवेदन मागदाबी रहेको, ज.ध. अम्मर बहादुर बोहराको मिति २०३४/०९/१० मा मृत्यु भएको, निजको पत्नी हरिकला बोहराको मिति २०३५/१/५मा मृत्यु भएको निज दम्पतिबाट जन्मेका छोरा कर्ण बहादुर बोहराको पनि मिति २०१० सालमा मृत्यु भएको र निजको पत्नी गंगा बोहरा २०२३ सालमा दोस्रो विवाह गरी गईसकेको भनि वीरेन्द्रनगर नगरपालिका वडा नं. १२ को सर्जिमन मुचुल्का र किटानी सिफारिसबाट खुल्न आएकोले निवेदक बाहेक उल्लेखित जग्गामा अन्य कसैको हक दावी भए माग गरे बमोजिम नामसारी गरी जग्गाधनी प्रमाण पुर्जा दिन नमिल्ने कुनै कारण भए वा उल्लेखित जग्गाको हकभोग स्वामित्वमा असर पर्न जाने भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैतिस) दिन भित्र यस कार्यालयमा स-प्रमाण दावी गर्न आउनुहोला। तोकिएको म्याद भित्र कोही कसैको दाबी बिरोध नपरे निवेदकको माग दाबीलाई स्वीकार गरेको मानि कानून बमोजिम भई जानेछ र यस विषयमा पछि कसैको कुनै दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैको लागि सूचित गरिन्छ।

**तपशिल**

| गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | दर्तावालाको नाम/थर | निवेदकको नाम/थर |
|---|---|---|---|---|---|
| जर्बुटा | १क | ३३४ | २७९.३३११ | अम्मर बहादुर बोहरा | तुल बहादुर बोहरा |

*(जनक बहादुर हमाल)*
*भूमि प्रशासन अधिकृत*

## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०५/०४**

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री अंगबहादुर शाही** धनी रहेको, **दर्ता नम्बर** १४२/०६६/०६७ बाट **वीरेन्द्रनगर-३ सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **श्री श्रमिक ढुङ्गा कटिङ्ग उद्योग** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०५/०४**

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री नन्दा शाही** धनी रहेको, **दर्ता नम्बर** २१९३/०७१/०७२ बाट **वीरेन्द्रनगर-३ सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **श्री पोषण बंगुर फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।




काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४५७५४/९८६४८०८६००, Email : ekankrebihardaily@gmail.com, web : kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)